# पोखरेली कविका हाइकुमा प्रकृति

**गौतम रानाभाट**
अध्यक्ष, मानवअधिकार पत्रकार संघ (हुर्जा), गण्डकी
Email: agranabhat@gmail.com

https://doi.org/10.3126/haimaprabha.*v23i1.66720*

## सारसङ्क्षेप

प्रस्तुत अनुसन्धान पोखराबाट प्रकाशित हाइकुसङ्ग्रहका हाइकुमा प्रकृतिको चित्रण कस्तो छ भन्ने समस्यामा केन्द्रित छ । सङ्ग्रहभित्रका हाइकुमा प्रयुक्त प्रकृतिको चित्रण नै अनुसन्धानको मुख्य उद्देश्य रहेको छ । अनुसन्धानलाई पूर्णता दिन सामग्री सङ्कलनमा पुस्तकालयलाई प्रमुख स्रोत मानिएको छ । पोखराबाट प्रकाशन भएका हाइकुसङ्ग्रह अनुसन्धानका प्राथमिक स्रोत हुन् । हाइकुका माध्यमबाट अभिव्यक्त भएको प्रकृति बिम्ब विश्लेषणका आधार हाइकुका तत्त्व भएकाले त्यस सम्बन्धमा विभिन्न विद्वान्ले अगाडि सारेका चिन्तन एवम् दृष्टिकोणलाई द्वितीय स्रोत सामग्रीका रूपमा उपयोग गरिएको छ । गुणात्मक अनुसन्धान ढाँचामा केन्द्रित रहेर तयार पारिएको आलेखमा सूक्ष्म पठन तथा विश्लेषण विधि प्रयोग गरी निष्कर्ष निकालिएको छ । अनुसन्धानमा हाइकुमा प्रकृतिको वस्तुपरक चित्रण भन्दा प्रकृतिका दृश्य, स्पर्श, ध्वनि, सुगन्धका साथै स्वादलाई मानवीकरण गरेर बिम्बात्मक, प्रतीकात्मक र आलङ्कारिक रूपमा प्रस्तुत गरिएका छन् । यी विविध विषयमध्ये हाइकुमा अभिव्यक्त दृश्य बिम्बको अध्ययन गरी विद्यमान वास्तविकताको वस्तुसत्य निरीक्षण र सामाजिक सत्यको निरूपण गरी अनुसन्धानको निष्कर्ष प्रस्तुत गरिएको छ ।

**शब्दकुञ्जी:** अनसभव, आलङ्कारिक, ऋतुशब्द, किगो, हाइकु ।

## विषयपरिचय

कविताको उपविधाका रूपमा रहेको हाइकु थोरैमा धेरै अभिव्यक्त गर्न सकिने विधा हो । नेपाली समाजमा हाइकु संरचनासँग मिल्दाजुल्दा चुड्का, रोइला हिजैदेखि प्रचलनमा थिए तर २०१९ सालमा शङ्कर लामिछानेले जापानी हाइकु कवितालाई नेपाली साहित्यमा भित्र्याएपछि आधुनिक जापानी संरचनाको हाइकु लेखन परम्परा अगाडि बढेको हो । यसरी अगाडि बढेको हाइकु लेखन कास्की जिल्लाको सदरमुकाम पोखरामा २०४९ सालबाट शुरू भएको पाइन्छ । पोखरेली हाइकु लेखनमा हाइकु शीर्षकमै रचना प्रकाशन गर्ने पहिलो स्रष्टा आकाश द्वीप हुन् । उनले २०४९ सालको ‘प्रयोग’ मासिकको दोस्रो अङ्कमा

हाइकु प्रकाशन गरेका छन् (रानाभाट, २०६५, पृ.४०२) । कास्कीमा आकाश द्वीपबाट शुरु भएको हाइकु लेखन र प्रकाशन परम्परा निरन्तर अगाडि बढ्दै आएको छ ।

कास्की जन्म र कर्म थलो भएर हाइकु कृति प्रकाशन गर्ने स्रष्टा आठ जना रहेका छन् । जसमा डा. कृष्ण भण्डारी 'मुमुक्षु'को ‘कुमारी ऋतुवाला’ (२०६२), कमल पौडेल ‘अथक’को ‘हाँडीका मकै’ (२०६३) प्रकाशित छ । भण्डारीको ९२ पृष्ठमा संरचित सङ्ग्रहमा एकहजार ३२ र ‘अथक’को ७२ पृष्ठमा संरचित सङ्ग्रहमा २५२ हाइकु सङ्गृहित छन् । कृति प्रकाशनका क्रममै असफल गौतमको सम्पादनमा नेपाली हाइकुको इतिहाससहितको पुस्तक 'हाइकु : आलेख र अभिलेख' (२०७०) प्रकाशित छ । गौतमद्वारा सम्पादन गरिएको उक्त पुस्तक २०७० सालसम्मको नेपाली हाइकुको ऐतिहासिक दस्तावेजका रूपमा रहेको छ । यस्तै, भीम रानाभाट ‘ज्यालादारी’को ‘आँसुको छाल’ (२०७३), देशभक्त सिंह कुँवरको ‘अमृतप्रेम’ (२०७४), डा. रूपक श्रेष्ठको ‘बुट्टे किमोनो’ (२०७५), कृष्णप्रसाद पौडेलको ‘नेपालीपन’ (२०७५) र शशी अधिकारीको ‘धर्तीका आँसु’ (२०८०) प्रकाशित छन् । ‘ज्यालादारी’को ७२ पृष्ठमा संरचित सङ्ग्रहमा १९५ हाइकु छन् भने कुँवरको ६८ पृष्ठमा संरचित सङ्ग्रहमा १४२ हाइकु समावेश छन् । श्रेष्ठको हाते डायरी आकारको ३२ पृष्ठमा संरचित सङ्ग्रहमा ५० हाइकु छन् । पौडेलको ६४ पृष्ठमा संरचित सङ्ग्रहमा तीनसय ६६ हाइकु र ७२ पृष्ठमा संरचित अधिकारीको सङ्ग्रहमा पाँचसय २७ हाइकु सङ्गृहित छन् । यिनै आठ कृति भित्रका हाइकुमध्येबाट नमूना छनौट गरी प्रस्तुत आलेखमा अध्ययन अगाडि बढाइएको छ ।

कृतिगत रूपमा हाइकु प्रकाशन गर्ने स्रष्टा कम भए पनि फुटकरतर्फ अनु बराल, आकाश द्विप, डा. ईश्वरमणि अधिकारी, ऋतु गिरी अर्पणा, एकदत्त लम्साल, कमल पोखरेल, केशवराज रानाभाट, गोविन्द गिरि, जमुना अर्याल, डिल्लीराम बराल, दिनेश मनासिव, दिलिप दोषी, दीपक पौडेल, दीपक पराजुली, दीपकराज त्रिपाठी, देवी त्रिपाठी, देवी बराल, नवराज बराल, नारायण मरासिनी, मदन मल्ल छाया, यमनदेव उत्प्रेरक, रञ्जित महतो, रविराज बसौला, रामकृष्ण शर्मा धुर्व, रामचन्द्र अधिकारी, रूपिन्द्र प्रभावी 'कटु', लक्ष्मण अधिकारी 'आकाश', लक्ष्मण थापा, शरण आँसु, शिव पलाँस, सञ्जय न्यौपाने 'प्राञ्जल', सरस्वती श्रेष्ठ 'सरु', सुमन श्रापित, सुरेन्द्र सदिच्छा, हरिप्रसाद भुषाल, हिरामणि भुषालका फुटकर हाइकु प्रकाशित छन् । आधुनिक हाइकु लेखनमा प्रकृति बिम्बको प्रयोग अनिवार्य मानिए तापनि पोखरेली हाइकु लेखनमा व्यङ्ग्य र विद्रोहलाई पनि स्थान दिएर हाइकु लेखिएका छन् ।

पोखरेली हाइकुका बारेमा हालसम्म अनुसन्धान भएको छैन । प्रस्तुत अनुसन्धान जन्म र कर्मका हिसाबले कास्कीमा रहेका स्रष्टाका हाइकु कृतिमा प्रकृतिको चित्रण कस्तो छ भन्ने मूल समस्यामा केन्द्रित रही समस्याको निराकरण गर्नु नै अनुसन्धानको मुख्य उद्देश्य हो । कास्की जिल्लाको राजधानी पोखराको वाङ्मयिक विकासमा साहित्यका विविध विधाको उल्लेख्य योगदान हुँदाहुँदै प्रस्तुत अनुसन्धान कास्की जन्म र कर्मभूमि भएका स्रष्टाका हाइकु कृतिमा मात्र केन्द्रित छ । पोखरेलीका हाइकुसङ्ग्रहमा विषयवस्तुका हिसाबले

देशभक्ति, मानवतावाद, वर्गीय असमानता, युगबोधको अभिव्यक्ति, प्रेमपक्ष, युगीन पीडा, छट्पटी र व्यथाहरूको कलात्मक अभिव्यक्ति छ । ती सरल, सहज, सरस मात्र नभएर बिम्बात्मक, प्रतीकात्मक एवम् आलङ्कारिक तरिकाले पनि अभिव्यक्त भएको अवस्था छ । हाइकु कविका सात वटा एकल र एक सम्पादित हाइकु कृति भित्रका विभिन्न हाइकुलाई जनसङ्ख्या मानी सोद्देश्यमूलक नमुना छनौट पद्दतिका आधारमा हाइकुको चयन गरिएको छ । नमुना छनौटमा परेका आधुनिक हाइकुमा प्रकृतिको प्रयोग कस्तो छ भन्नेमा मात्र अनुसन्धान केन्द्रित रहनु अनुसन्धानको सीमा रहेको छ । प्रकृति चित्रणमा प्रकृतिका अनेक स्वरूपलाई पूर्वीय रसवादबाट हेर्दै आइएको छ । पोखरेली हाइकुमा प्रकृतिका विभिन्न स्वरूपलाई शृङ्गार, हास्य, करूण, रौद्र, वीर, भयानक, वीभत्स, अद्भूत र शान्त रसले भरिपूर्ण बनाएर हाइकु लेखिए पनि यहाँ प्रकृतिलाई मात्र आधार बनाइनु अनुसन्धानका थप सीमा रहेका छन् ।

पोखरेली हाइकुबारे सामान्य चर्चा भएको पाइन्छ । हाइकुमा प्रकृतिको चित्रणलाई आधार बनाएर आजसम्म अनुसन्धान भएको छैन । प्रस्तुत अनुसन्धानमा त्यसको पुष्टि हुँदा सम्बन्धित अध्येता तथा लेखकलाई आवश्यक पृष्ठपोषणका साथै मार्गदर्शन प्राप्त हुने देखिएबाट अनुसन्धानको औचित्यसहित महत्त्व स्पष्ट हुने भएकाले अनुसन्धान अगाडि बढाइएको छ ।

## अध्ययन विधि

प्रस्तुत अनुसन्धानलाई पूर्णता दिन सामग्री सङ्कलनका क्रममा पुस्तकालयलाई प्रमुख स्रोत मानिएको छ । अनुसन्धानका क्रममा पोखराबाट प्रकाशित हाइकु कृतिबाट प्राप्त तथ्यको सूक्ष्म अवलोकन गरी तथ्याङ्क सङ्कलन गरिएको छ । तथ्याङ्क सङ्कलन गर्दा नमुना छनोट विधि प्रयोग गरी प्रकृतिलाई बिम्ब बनाएर लेखिएका हाइकुलाई तथ्याङ्कका रूपमा सङ्कलन गरिएको छ । आवश्यक सामग्री सङ्कलन गर्दा प्राथमिक र द्वितीयक दुवै स्रोत प्रयोग गरी गुणात्मक अनुसन्धान ढाँचामा केन्द्रित अनुसन्धानमा सूक्ष्म पठन तथा विश्लेषण विधि प्रयोग गरी निष्कर्ष निकालिएको छ । सन्दर्भ सूची प्रस्तुत गर्ने क्रममा ए.पी.ए. विधिको सातौं संस्करण अवलम्बन गरिएको छ ।

## सैद्धान्तिक पर्याधार

आठौं शताब्दीमा पद्य साहित्यको विकाससँगै सन् ७६० मा प्रकाशित 'मानयोशु' पद्य ग्रन्थलाई जापानी पद्य साहित्यकै आदि रूप मानिन्छ । मानयोशुको प्रकाशनपछि कामाकुरा युगमा मसिना ताङ्का शैलीका लघुतम साङ्केतिक कविता लेखनको थालनी भयो, यसलाई 'हाइकाइ अर्थात् हाइकु' भनियो । १७ औं शताब्दीमा छुट्टै साहित्यको जन्म भयो जसलाई होक्कु अर्थात् हाइकु भनियो (अधिकारी, २०५१, पृ.४) । माचुओ बाशो, योसा बुसोन, कोबायाशी इसापछिका मासाओका शिकी (१८८७–१९०२) पछिल्ला तर पहिला आधुनिक कवि मानिन्छन् । कवि शिकीले नै होक्कुलाई हाइकु नामाकरण गरेका हुन् । कवितांशबाट पूर्ण कविताको मान्यता प्राप्त हाइकु काव्य विधाका रूपमा स्थापित छ (थापा, २०६४, पृ.३३) । जापानी

परम्परागत हाइकु विश्वकै सर्वाधिक लघुकविता हो । ५–७–५ गरी १७ अक्षर ढाँचा र तीन हरफको व्यवस्थित पङ्क्तिको कविता हाइकु भएकाले यो सहज कविता होइन । तीन पङ्क्तिको मुख्य विभाजनमा एउटा दर्शन हुन्छ । हाइकुका बाह्य एवम् आन्तरिक संरचना र भावसम्बन्धी आफ्नै मान्यता छन् । बाह्य संरचना ५–७–५ को सूत्रमा आबद्ध हुन्छ (गिरी, २०६८, पृ.१४) । जापानी हाइकुमा अभिव्यक्तिको सूत्रात्मक र चित्रात्मक शैली सिर्जना गरिने हाइकुमा समय सापेक्षतालाई चित्रण र प्रकृतिको दर्शन आउने ऋतुबोधक बिम्ब प्रयोग अनिवार्य हुन्छ । नेपाली हाइकु लेखनमा ऋतुबोधक बिम्बको प्रयोग हुँदै आएको छ ।

नेपालमा आधुनिक हाइकुको प्रवेश गराएर परिचय र परिभाषा दिने पहिलो व्यक्तित्व शङ्कर लामिछाने हुन् । उनले २०१९ सालको 'रूपरेखा' पत्रिकामा ५–७–५ अक्षरका तीन पङ्क्तिमा विभाजन कविताको रूपलाई हाइकु भनेका छन् (रानाभाट, २०७६, पृ.१८) । क्षेत्रप्रताप अधिकारीले 'हिम जून फूल' पुस्तकमा हाइकाई अर्थात् हाइकुको सामान्य अर्थ प्रहसन भनी हाइकुलाई परिचित गराएका छन् (अधिकारी, २०५१, पृ.४) । अभि सुवेदीले हाइकुमा मानवीय संवेदना, प्राकृतिक सौन्दर्यतामा उदासीनताको भाव र विशाल भूमि विस्तारको चित्रण हुन्छ भनेका छन् (सुवेदी, २०४४, पृ.ग) । बमबहादुर थापा जितालीले ५–७–५ गरी १७ अक्षर समूहका तीन हरफको वर्णक्रमिक अनुशासनमा आबद्ध अभिव्यक्तिको सशक्त माध्यम हाइकु भनेका छन् (थापा, २०६४, पृ.३१) । कम शब्दमा धेरै भाव प्रकट गर्ने प्रमुख विशेषता हाइकुमा हुन्छ । हाइकुको पहिलो लाइनले छोटो लयमा कविताको रचना गरी आदेश र उद्देश्य परिपूर्ण गरेको हुन्छ । दोस्रो लाइनले अभिव्यक्ति नदोहोर्याई नयाँ आकार दिने काम गर्दछ र तेस्रोले वास्तविक त्रासको अवस्था उत्पन्न गराउँछ । यसैले हाइकुमा भावगत घनत्व र अनुभूतिगत तीव्रताको तरङ्ग समायोजन पाइन्छ (वन्त, २०६१, पृ.ङ) । हाइकु शास्त्रीय संरचनामा मात्र प्रयाप्त छैन, जहाँ कलात्मक ढङ्गबाट ओजिलो र बोझिलो प्रहार हुनुपर्दछ ।

हाइकुको बाह्य संरचना र स्वरूपसँगै हाइकुका आवश्यक तत्त्वबारे जापानी हाइकु कवि मोमोको कुरोदाले किगो, (ऋतुशब्द), आकार (१७ शब्दक्रम), आकृति (भावना), अनसभव (चेतना), वर्तमान–विस्मय (आश्चर्य) र अनुकम्पन (करुणा) लाई हाइकुका तत्त्व मान्छन् । अर्का कवि नाकामुरा कुसाताओले कवितात्मकता, तीन पङ्क्तिका १७ अक्षर, किगो, प्रतीक, यथार्थचित्रण, किरेजी र सम्भावनालाई हाइकुका तत्त्व मानेका छन् (माली, २०७३, पृ.२१) । यी सन्दर्भ हेर्दा आधुनिक नेपाली हाइकुका मुख्य तत्त्व विषयवस्तु, भाव, लयविधान, भाषाशैली, बिम्ब–प्रतीक र संरचना नै हुन् ।

विषयवस्तु रचनालाई अस्तित्व प्रदान गर्ने प्रमुख तत्त्व हो । हाइकुको आधारभूत तत्त्व विषयवस्तु हो । जसलाई रचनाको आन्तरिक गुदी मानिन्छ । विषयवस्तुको अनन्तता, गहनता, स्वतन्त्रताका कारण हाइकुमा विषयगत विविधता पाइन्छ । हाइकुको अर्को तत्त्व विचार वा त्यसले भन्न खोजेको भाव हो । साधना र अभ्यासको प्रभाव हाइकुको भावमा प्रत्यक्ष हुन्छ । हाइकुको आन्तरिक संरचना पक्ष कलासँग सम्बन्धित हुन्छ

भने भाव विचारसँग । भावले ज्ञान, अनुभवसँग सम्बन्धित हुँदै बिम्ब, प्रतीक, दृष्टान्तका माध्यमबाट हाइकुको रूप लिन्छ । हाइकु लयात्मक हुन्छ, लयविधान अर्को संरचक तत्त्व हो । लयले श्रोतालाई आर्कषित गर्छ । लयसँगै अघोषित रूपमा अलङ्कार जोडिएको पाइन्छ, अलङ्कार साहित्यको भाव र भाषाको गहना हो । यसैले लयविधानसँग जोडिएका छन्द र अलङ्कार हाइकुका सहायक संरचक घटक हुन् । छन्दले भाव र लयलाई नियमबद्ध पारेर सुन्दरता पनि थप्छ । सिर्जनाका निश्चित सङ्ख्याका अक्षर मात्राको गति, यति, लय र स्वरको समन्वित रूप नै छन्द हो ।

हाइकु एउटा भाषिक संरचना हो । भाषा भावाभिव्यक्तिको माध्यम हो भने शैली भावाभिव्यक्तिको पद्धति भाषा हो (लुइटेल र अन्य, २०५७, पृ.८) । भाषा स्रष्टाले सिर्जनालाई अभिव्यक्त गर्ने माध्यम हो । भाषा सरल र लयालु, शैली वर्णनात्मक, विवरणात्मक तथा सम्बोधनात्मक हुन्छ । सरल शैली, लय, छन्द, सुबोध बिम्ब, प्रतीक एवम् अलङ्कारको प्रयोगले भाषालाई विशिष्ट तुल्याउँछ । भाषाले विषयको अर्थबोध गराउँछ भने शैलीले कृतिको साहित्यिक र भाषा संरचनालाई जोड्ने काम गर्दछ । सामान्य रूपमा कुनै काम गर्नु नै शैली भएकाले भाषालाई अभिव्यक्तिको माध्यम र शैलीलाई तरिका मानिन्छ । जुन रोचक, घोचक र कलात्मक सौन्दर्यले भरिपूर्ण हुन्छ । हाइकु लेखन भाषाको उत्कृष्ट कलात्मक रूप हो । हाइकुको अर्को तत्त्व बिम्ब–प्रतीक हो । बिम्ब मस्तिष्कमा आउने तस्वीर र प्रतीक चिन्ह हो । बिम्ब वस्तुको वर्णन गरिएको शब्दद्वारा निर्मित चित्र हो । सोहीकारण बिम्ब चयनमा जति सहजता र हार्दिकता बढ्छ त्यति नै सिर्जना उत्कृष्ट बन्दछ । बिम्ब मुख्यतः शाब्दिक र आलङ्कारिक दुई प्रकारका हुन्छन् (लुइटेल, २०६७, पृ.१५) । सिर्जनामा प्रयोग हुने अधिकांश बिम्ब आलङ्कारिक भाषामा सम्प्रेषित हुन्छन् ।

बिम्ब मस्तिष्कमा आउने तस्वीर र प्रतीक चिन्ह हो । बिम्ब कुनै दृश्यचित्र वा वस्तुको वर्णन गरिएको शब्दको चित्र हो । बिम्ब शब्दद्वारा निर्मित चित्र भएकाले बिम्ब चयन गर्दा जति सहजता र हार्दिकता बढ्छ त्यति नै सिर्जना उत्कृष्ट बन्दछ । बिम्ब मुख्यतः शाब्दिक र आलङ्कारिक हुन्छन् (लुइटेल, २०५७, पृ.१५) । शाब्दिक बिम्ब शब्दको खास अर्थ वा शाब्दिक अर्थमा परिवर्तन र विस्तार नहुने बिम्ब हो । शब्दमा अभिव्यक्त घटनालाई प्रतिनिधित्व गर्ने र इन्द्रियद्वारा अनुभव गर्न सकिने बिम्ब शाब्दिक हो । आलङ्कारिक बिम्ब शाब्दिक अर्थमा परिवर्तन वा विस्तार हुन्छ । जुन इन्द्रिय अनुभवजन्य यथार्थलाई अर्कै चिजको वर्णन गरेजस्तो गरी प्रस्तुत गरिने अमूर्त विचारलाई वर्णन गर्न प्रयोग गरिने बिम्ब हो । सिर्जनामा प्रयोग हुने अधिकांश बिम्ब आलङ्कारिक भाषामा सम्प्रेषित हुन्छन् ।

प्रतीक कुनै चिजलाई प्रतिनिधित्व गर्ने सजीव वा निर्जीव वस्तु हो । जसले एक वा अनेक वस्तुलाई सङ्केत गर्छ । कुनै एक सत्यको स्तरमा मिल्दोजुल्दो अर्को सत्यको उल्लेख नै प्रतीक हो । प्रतीकले ध्वन्यात्मक अर्थ दिन्छ । प्रतीक व्यञ्जनात्मक रूपमा विशिष्ट अर्थ प्रकट गर्ने शब्द समूह हो । प्रतीक कुनै अर्कै चिजलाई बुझाउन प्रयोग गरिने तत्त्व भएकाले बढी अमूर्त रहन्छ । यसरी अभिव्यक्तिलाई सजीव र सार्थक

बनाउने काम बिम्ब-प्रतीकबाट हुन्छ । जसको प्रयोगले हाइकुलाई चोटिलो तथा व्यङ्ग्यात्मक बनाउँछ । जब मूर्त रूपमा बिम्ब प्रकटीकरण हुन्छ त्यति वेला प्रतीकले जन्म लिन्छ । प्रतीकले निर्दिष्ट अर्थबोधतर्फ सङ्केत गर्छ भने बिम्बले बहुअर्थ दिन सक्छ । अलङ्कार विधान बिम्ब विधानकै उपक्रम हो । वक्रोक्ति र अतिशयोक्तिबाट सिर्जित बिम्बालङ्कार विशेष चमत्कार ठहर्छन् । नाटकीय अभिव्यक्ति अलङ्कार, रस, छन्द आदि मुक्तकका सौन्दर्य पक्षलाई बढाउने वस्तु हुन् । आधुनिक नेपाली हाइकु लेखनमा बिम्ब, प्रतीक र अलङ्कार विधानको पर्याप्त प्रयोग हुँदै आएको छ । यसरी आधुनिक नेपाली हाइकु लेखनलाई प्रभावकारी र जीवन्त तुल्याउन विषयवस्तु, भाव, लयविधान, भाषाशैली, बिम्ब र संरचना जस्ता संरचक तत्त्वले महत्त्वपूर्ण भूमिका निभाएका छन् । यिनै विविध बिम्ब–प्रतीकमध्येको प्रकृति बिम्बलाई आधुनिक हाइकुमा अनिवार्य मानिन्छ । यसैलाई मुख्य आधार बनाएर पोखरेली हाइकु कृतिमा अभिव्यक्त प्रकृतिको अनुसन्धान प्रस्तुत आलेखमा गरिएको छ ।

## छलफल तथा विश्लेषण

प्रकृतिलाई बिम्ब बनाएर लेखिएका पोखरेली हाइकु कविका हाइकुको अध्ययनमा केन्द्रित अनुसन्धानमा हाइकु कृति भित्रका नमुना छनौटमा परेका हाइकुको छलफल तथा विश्लेषण यहाँ गरिएको छ । जसको साक्ष्यका रूपमा यी हाइकुलाई प्रस्तुत गर्न सकिन्छः

*ऋतुका बाला*
*प्रतिभाका उद्यान*
*बालबालिका* (भण्डारी, २०६२, पृ.१८)
*उज्यालो घाम*
*आशाको नयाँ देश*
*बालप्रतिभा* (भण्डारी, २०६२, पृ.३५)

पहिलो हाइकुमा बालबालिकालाई ऋतुका बाला बिम्ब बनाएर प्रतिभाका उद्यानका रूपमा प्रस्तुत गरिएको छ । आजका बालबालिका नै भोलिका कर्णधार, सुनौला फूलले सजिएको उद्यानका प्रतिभा मात्र नभएर देशले आशा गरेका उज्यालो घाम र जाज्वल्यमान प्रतिभा हुन् । त्यही भावलाई हृदयङ्गम गरेका भण्डारीले हाइकुमा बालबालिकालाई ऋतु अनुसार लहलह फक्रेका बाला र उज्यालो घामका किरणरूपी प्रकृतिमा बिम्बित गरेका छन् ।

पछिल्लो समय देशमा धेरै कुरामा व्यापारीकरण बढेको छ । हुँदाहुँदा त्यसको असर शिक्षामा पर्न थालेको छ । शिक्षा क्षेत्र सेवा थोरै, व्यापार धेरै भएर पैसासँग जोडिएको छ । लामो समयदेखि शिक्षा क्षेत्रमा आवद्ध उनले शिक्षालयका विकृतिलाई नजिकबाट अनुभव गरेका, देखेका र भोगेका छन् । त्यसैले आजको शिक्षा पैसाको व्यापार मात्रै भएको भन्दै यसरी हाइकु लेखेका छन् :

*पुतली बाग*

*ऋतुहरूको पराग*

*कन्या क्याम्पस* (भण्डारी, २०६२, पृ.२३)

समसामयिक सन्दर्भलाई हाइकुका विषय बनाउने भण्डारीका हाइकु गेयात्मक पनि छन् । लय मिलाएर गुनगुनाउन पनि सकिन्छ । जसको साक्ष्यका लागि निम्न हाइकुलाई उल्लेख गर्न सकिन्छ :

*गंगाको माला*

*शिव संगीतशाला*

*मोहनी वाला* (भण्डारी, २०६२, पृ.२)

*रूपको प्यास*

*मेहदी केशपास*

*नौलो बतास* (भण्डारी, २०६२, पृ.५)

*ऋतुको राग*

*वसन्तीको पराग*

*प्रेम सुहाग* (भण्डारी, २०६२, पृ.६)

कृष्ण भण्डारी मुमुक्षुले नाम जस्तै हाइकु लेखेर विधिवताको स्वाद पस्केका छन् । ऋतु अनुसारका परिवर्तन जस्तै उनका हाइकुका विषयमा पनि त्यो परिवर्तन पाउन सकिन्छ । विशेष गरी भण्डारीले थौरै प्रकृति बिम्ब र धेरै समसामयिक विषयका व्यङ्ग्यात्मक विषयमा हाइकु लेखेका छन् । उनका हाइकुमा उनैले भोगेको जनजीवनका तिक्ततालाई नै अभिव्यक्त गरेका छन् ।

हाइकुमा प्रकृतिलाई चित्रण गर्ने क्रममा कमल पौडेल 'अथक'ले पनि केही हाइकु लेखेका छन् । उनका कृति भित्रका हाइकुमध्येबाट प्रकृतिलाई बिम्ब बनाइएका साक्ष्यका लागि निम्न हाइकु प्रस्तुत गर्न सकिन्छ :

*वन पखेरा*

*उजाडिएको बस्ती*

*छोडे चरीले* (पौडेल, २०६३, पृ.५८)

*वनजंगल*

*चरीवरी विनाको*

*उराठै भयो* (पौडेल, २०६३, पृ.१९)

हिजो आज देशको प्रकृति र संस्कृतिमा विचलन छ । बढ्दो जनसंख्याका कारण वनविनासको शृङ्खलाले गति पाएको छ । वनजंगल, भीरपाखा, खेतीयोग्य जमिनमा वस्ती विकास र खनिएका बाटाघाटाका कारण वन तथा पखेरा उजाडिएका छन् । त्यसको प्रत्यक्ष मार पशुपछीलाई छ । उनीहरूका वासस्थानसमेत उजाडिएपछि रोजीरोटीको खोजीमा परदेश हिँडेका नेपाली जस्ता भएर चराले वन र पाखा–

पखेरा छोडेर हिँडेका छन् । यसरी चरीवरीले वन छोडेर हिँड्दा एकतर्फ वनजंगल उराठ, अर्कोतर्फ आम नेपालीको मन उराठ भएको सन्दर्भ हाइकुमा अभिव्यक्त छन् ।

बढ्दो शहरीकरणका कारणले वनजंगल विनास हुँदाको असर उराठ थियो नै । तर बाँकी कोइलीका बगाललाई पनि त्यसले समस्यामा पारेको र पानी नपरेको साक्ष्यका रूपमा निम्न हाइकुलाई लिन सकिन्छ :

*रोयो कोइली*
*बादल मडारियो*
*पानी परेन* (पौडेल, २०६३, पृ.५७)
*पानी परेन*
*घाम अस्ताइसके*
*अन्धकार भो* (पौडेल, २०६३, पृ.७)

समयको कालक्रममा अतिवृष्टि, अनावृष्टिका समस्याले विश्व आक्रान्त छ । त्यसको असर र समस्या नेपालमा पनि देखिएको छ । बादल मडारिए पनि पानी पर्न सकिरहेको छैन । पानी आउला जस्तो दिन अँध्यारो हुन्छ, पानी पर्न सक्दैन । किसानको किसानी कर्म फस्टाउन पाउँदैन । कहिले अतिवृष्टि भएर बाढीपहिरोले वस्ती विस्तापित गराउने, कहिले पानी नपरेर जनजीवन आक्रान्त तुल्याउने प्रकृतिको चित्रण हाइकुमा पाइन्छ ।

नेपालको सौन्दर्यशास्त्रलाई थप शोभायमान बनाउन हिमाल, पहाड र पर्वतले महत्त्वपूर्ण भूमिका खेलेका छन् । जसका कारण नेपाल विश्वमा परिचित गराउन सहज भएको साक्ष्यका रूपमा यी हाइकुलाई उल्लेख गर्न सकिन्छः

*हिमाल चुली*
*पाखा अनि पखेरा*
*कति सुहाको* (पौडेल, २०६३, पृ.११)
*गहिरो ताल*
*धेरै छन भ्यागुता*
*तालमा खेल्ने* (पौडेल, २०६३, पृ.१७)

यहाँका हिमचुली, पाखापखेरा, गहिरा ताल तलैया र लुकामारी खेल्ने बादलका घेराले सौन्दर्यलाई थप आकर्षिण बनाएका छन् । नेपाल हेर्न र घुम्न आउने स्वदेशी तथा विदेशी पर्यटकलाई मोहित तुल्याएका छन् । जसलाई माथिका हाइकुले अभिव्यक्त गरेका छन् ।

यसरी अथकले प्रकृति बिम्बका साथै वर्तमान समयका चालचलन, रहनसहन र व्यवहारलाई पनि विषय बनाएर हाइकु लेखेका छन् । उनका हाइकुमा समसामयिक परिवेशको कथानक झल्केका छन् ।

'हाइकु : आलेख र अभिलेख' असफल गौतमद्वारा सम्पादन भएको कृति हो । १७६ पृष्ठमा संरचित कृतिमा हाइकु, आलेख र अभिलेख तीन खण्डका साथै नेपाली, नेपाल र हिन्दी तीनै भाषाका हाइकु समावेश छन् । ३२६ जनाका हाइकु समावेश, नेपाली हाइकुको स्वर्ण वर्षे इतिहाससहितको कृतिका हाइकुमध्येबाट साक्ष्यका लागि निम्न हाइकुलाई यहाँ प्रस्तुत गरिएको छ:

चाँदनी रातमा
वर्षाको भेल झैँ मेरो
आँखाको आँसु (गौतम, २०७०, पृ.११)

अनिँदो रात
आँखाको परेलीमा
शीतका थोपा (गौतम, २०७०, पृ.३०)

औशीको रात निष्पट्ट हुनु स्वभाविक हो, यहाँ त टहटह जून लागेको चाँदनी रात पनि चाँदनीको जस्तो हुन सकेको छैन । कति नेपालीका आँखाबाट वर्षाको भेल जसरी आँसु झर्ने बाध्यात्मक परिस्थिति छ । धेरैको जनजीवनमा बाध्यता, परिस्थिति र परिबन्धले दिन, दिन जस्तो र रात, रात जस्तो हुन सकेको छैन । यसैले चाँदनी रात पनि अनिँदो बिताउन बाध्य हुँदा परेलीका डिल रसाउन थालेका छन् । आँखाका डिलमा ढलफल-ढलफल शीतका थोपाले जिन्दगीको बाध्यता र विवशतालाई अभिव्यक्त गरेका छन् ।

आफ्ना दुःख, दर्द, पीडा र व्यथाले दिनमा रुमलिएका नेपाली रातमा पनि निदाउन पाएका छैनन् । दिनमा रुन नसकेका नेपाली रातमा रोएर आफ्नो मन शान्त पारेका छन् । आफ्नै परेलीका शीतका थोपा जस्ता आँसुका ढिक्काले मनलाई शान्त बनाउन बाध्य रहेको दृश्य प्रस्तुत हाइकुमा अभिव्यक्त भएको पाइन्छ ।

हाइकुमा विरह र वेदनालाई मात्र बिम्बात्मक रूपमा अभिव्यक्त गरिएको छैन । विभिन्न महिना र ऋतुको चर्चा पनि गरिएको पाइन्छ । जसको साक्ष्यका लागि यी हाइकुलाई यहाँ उद्धरण गर्न सकिन्छ:

वासन्ती छटा
प्राकृतिक मनोरम्
चैत महिना (गौतम, २०७०, पृ.२०)

फेरियो दिन
हुस्सु, बादल, वर्षा
लाग्यो असार (गौतम, २०७०, पृ.१३)

नेपाली भित्रे पात्रोनुसारका १२ महिनामध्येको चैत्र महिनाले प्रकृतिमा मनोरम दृश्य र वासन्ती छटा लिएर आएको हुन्छ । नाङ्गा देखिएका रुख, बिरुवामा पनि बिस्तारै पालुवा पलाउन थालेको देख्दा सबैको मनमा मनोरम् दृश्य रोमाञ्चित हुन्छ । यसरी अगाडि बढ्दै जाँदा वैशाख, ज्येष्ठ सकिएर जब असार लाग्छ तब दिन फेरिएसँगै नेपालीको दिनचर्या फेरिन थाल्छ । हुस्सु, बादल मात्र नभएर वर्षासमेत हुन थाल्छ । जुन समय

कृषिलाई मूल आधार बनाएर जीवन गुजारा चलाउनेहरू मानो रोपेर मुरीको सपना देख्न थालेका दृष्टान्तलाई यी हाइकुले अभिव्यक्त गरेका छन् ।

आजका मानवको दिनचर्या र मानवको जीवन साच्चै मानव जीवन जस्तो हुन सकेको छैन । त्यो हुन नसकेको दृष्टान्त यी हाइकुमा यसरी अभिव्यक्त भएको पाइन्छ:

जीवन फूल
बालुवाको बस्तीमा
अति महङ्गो (गौतम, २०७०, पृ.२३)

सगरमाथा
नेपालीको सम्पत्ति
हाम्रो गौरव (गौतम, २०७०, पृ.५४)

कहिले जीवन सस्तो फूल जस्तो भएको छ । कहिले जीवन बालुवामा बसालेको बस्ती जस्तो, त कहिले भौतिक संसारको कुनै वस्तुसँग तुलनै गर्न नसकिने अति महङ्गो । जसलाई पोखरेली हाइकु कविले सरल, सरस र सहज तरिकाले अभिव्यक्त गरेका छन् । किनकि मानव जीवन के हो भनेर बुझ्ने प्रयास गर्दागर्दै धेरैको जिन्दगी नै समाप्त भइसकेको अवस्थामा यसरी कविले जीवनको क्षणभङ्गुरतालाई हाइकुमा अभिव्यक्त गरेका छन् ।

एकातर्फ जीवनको महिमा र महत्त्व बुझ्न नपाउँदा नपाउँदै जीवन सकिए पनि नेपाली हुनुमा गौरव छ । हाम्रो सगरमाथा हाम्रो गौरव हो । आम नेपालीको सम्पत्ति हो । विश्वमा नेपाल चिनाउनका लागि अरु केही आवश्यक छैन । सिङ्गो एउटा सगरमाथा काफी भएको छ ।

भीम रानाभाट 'ज्यालादारी'का हाइकुमा पनि पर्याप्त मात्रमा प्रकृतिलाई चित्रण गरेर हाइकु लेखिएका छन् । उनका हाइकुमा अभिव्यक्त प्रकृति बिम्ब अध्ययनका लागि निम्न साक्ष्यलाई लिन सकिन्छ :

*आमा म पनि*
*जीवन सजाउँछु*
*हिमाल जस्तै* (रानाभाट, २०७३, पृ.२)

*उदाउन त*
*उदायो रातो घाम*
*फेरि अस्तायो* (रानाभाट, २०७३, पृ.४)

नेपालीको स्वाभिमान हिमाल जस्तै अमर र अटल भएकाले हरेक छोराछोरी नेपाल आमासँग खुसी बाँडिरहेका छन् । यसैले यहाँ आमा म पनि हिमाल जस्तै भएर जीवन सजाउन चाहन्छु भन्ने चाहना हाइकुमा अभिव्यक्त भएको छ । हिमाल जस्तै जीवन सजाउने सपना देख्दै गर्दा कतै त्यो भन्दा पहिला नै उदाउँदै गरेको बिहानीको रातो घाम साँझमा राताम्य भएर अस्ताए झैँ अस्ताए के गर्ने ? जीवन कसरी सजाउने ? उदाउन त

उदाएको छ घाम तर घामको किरणसँगै जिन्दगीका किरण पनि सारा ब्रह्माण्डमा सिञ्चित भए जसरी जीवनयात्राका अप्ठेरा, सप्ठेरामा सिञ्चित नभए के गर्ने ? कसरी बाँकी जीवनलाई अगाडि बढाउने भन्ने कविका जिज्ञासा हाइकुमा सुन्दर बिम्ब संयोजनका माध्यमबाट अभिव्यक्त भएका छन् ।

आम नेपाली देशमै सर्वहारा जस्ता भएका छन् भन्ने सन्दर्भलाई बिम्ब बनाएको निम्न साक्ष्यलाई यहाँ उल्लेख गर्न सकिन्छ :

*नौ लाख तारा*
*देशका सर्वहारा*
*जूनको खोजी* (रानाभाट, २०७३, पृ.९)
*लालुपाते झैँ*
*लछप्पै छ सडक*
*जनक्रान्तिले* (रानाभाट, २०७३, पृ=४०)

देशको सर्वोच्च नीति राजनीतिले राजमार्ग छोड्दा आम नेपाली नौ लाख ताराकारूपमा अभाव र दबाबमा बाँच्न विवश छन् । यो राज्यका नागरिक जूनको खोजीमा भौतारिएका सर्वहारा जस्ता भएका छन् । यस्तै, देश सडक किनारामा फुलेर सुगन्ध छरिरहेको लालुपाते झैँ रातो छ । यसरी सडक रातो हुने गरी देशमा भएको जनक्रान्तिले पनि शान्ति ल्याउन सकेको छैन । सडकमा लछप्पै देखिएको राताम्य दृश्यलाई सर्जकले सुन्दर प्रकृति बिम्बका माध्यमबाट जनक्रान्तिलाई अभिव्यक्त गरेका छन् ।

धरतीमा मानव, पशुपंछी, किटपतङ्गको कलामा निहित सौन्दर्य र आकाशमा बादलले देखाएको प्रकृतिको कला सिर्जना अनुपम र अनौठो छ । त्यसैलाई बिम्ब बनाएर लेखिएको हाइकुको साक्ष्यकारूपमा यसलाई लिन सकिन्छ:

*बादलु बुट्टा*
*टुक्रा–टुक्रा आकाश*
*कला सिर्जना* (रानाभाट, २०७३, पृ.५४)
*तुवाँलो वर्षा*
*सिमसिमे इन्द्रेणी*
*धर्तीको रङ्ग* (रानाभाट, २०७३, पृ.४१)

यो चराचर जगत्मा प्रकृतिले पनि मनोहारी स्वरूप धारण गरेर आम नेपालीलाई मोहित तुल्याउँछ । आकाशमा देखिएका बादलका टुक्राले कला सिर्जना गरेर दृश्यावलोकनका लागि आकर्षित गरिरहेका देखिन्छन् । त्यही बादलको टुक्रा तल देखिएको सिमसिमे इन्द्रेणीका सात रङ्गले मानव जीवन र प्रकृतिलाई उर्जावान बनाइरहेका, धरतीमा सुवास छरिरहेका छन् ।

यसरी प्रकृति बिम्ब आफैँमा अतुलनीय र अवर्णनीय भएकाले त्यसलाई जे जस्ता सन्दर्भमा तुलना गरे तापनि त्यो कमै हुन्छ। ज्यालादारीले आम नेपाली, क्रान्तिकारी वीर योद्धा, सारा नेपालीको जीवन, धर्ती र सिमसिमे पानीको मझधारमा देखिएको इन्द्रेणीका रूपमा प्रकृतिलाई बिम्ब बनाएर सार्थक चित्रण गरेका छन्।

देशभक्त सिंह कुँवरले पनि आफ्ना हाइकुमा प्रकृतिको चित्रण गरेका छन्। कृतिभित्रका सोद्देश्यमूलक निम्न हाइकुलाई साक्ष्यका रूपमा यहाँ अगाडि सार्न सकिन्छः

*घाम र पानी*
*बित्दैछ जिन्दगानी*
*जानी नजानी* (कुँवर, २०७४, पृ.२)
*जूनकीरीले*
*प्रकाश बाल्दै हिँड्छ*
*अरूका लागि* (कुँवर, २०७४, पृ.२२)

घामपानी जसरी मानिसको जीवन अनौठो तरिकाले बितिरहेको छ। प्रकृतिले कुन वेला वर्षा गराउँछ, कुन बेला घाम त्यो चाहेर हुने परिवर्तन होइन। नचाहँदा-नचाहँदै वातावरणमा आउने परिवर्तन जस्तै मान्छेको जिन्दगी पनि नजान्दै-नजान्दै अगाडि बढिरहेकाले कुँवरले जिन्दगीलाई घामपानीको प्रकृति बिम्बसँग तुलना गरेर हाइकु लेखेका छन्। घामपानी बिम्ब मात्र होइन, पूर्णेको रात आफैँमा चम्किलो हुन्छ, जून धर्तीमा झरिरहेको हुन्छ। तर औसीको रातमा जून नहुँदा पनि जूनकीरीले उज्यालो छर्दै जगत्लाई उज्यालो बनाएको बिम्ब हाइकुमा आएको छ।

हिमाल, पहाड र पर्वतका हिमशृङ्खलाले भरिएको नेपालका डाँडाकाडामा गुराँस फूलले छर्ने सुवास र सौन्दर्य छुट्टै हुन्छ। त्यो मात्र नभएर जून–तारा बीचको लुकामारीलाई विषय बनाएर पनि हाइकु लेखिएका छन् जसलाई यसप्रकार उल्लेख गर्न सकिन्छ :

*गुराँस फुल्छ*
*हिमाली पहाडमा*
*खुन झैँ रातो* (कुँवर, २०७४, पृ.६७)
*तारा जूनमा*
*धेरै फरक हुन्छ*
*अध्ययन गर* (कुँवर, २०७४, पृ.७७)

हिमाली भेगका पहाडमा फुलेका गुराँसले मन लोभ्याउनु स्वाभाविक हो। त्यसको सुवासमा रमाउन पाउनु सुनौलो अवसर र सौभाग्य हो। यस्ता बिम्ब हरेक लेखकलाई लोकप्रिय हुन्छन्। गुराँससँगै आकाशमा देखिएका तारा–जूनका बिम्ब पनि कुँवरका हाइकुमा आएका छन्। हामीले देखेका तारा र जूनमा के फरक छ ? त्यसको अध्ययन आवश्यक छ। तारा र जून कहिल्यै एकै हुन सक्दैनन् भन्ने धारणा दोस्रो हाइकुमा व्यक्त छ।

कुँवरले प्रकृति बिम्बमा शृङ्गार प्रेमलाई पनि अभिव्यक्त गरेका छन् । त्यसको साक्ष्यका रूपमा यी हाइकु लिन सकिन्छ :

*आकाश माथि*
*तारा त लाखौं छन्*
*तिमी नै छैनौं* (कुँवर, २०७४, पृ.१२)
*मान्छे त फूल*
*व्यवहारमा काँडा*
*देखायौ पारा* (कुँवर, २०७४, पृ.४१)

आकाशमा ताराले आफ्नो सौन्दर्य छरिरहेका छन् । आफ्नै प्रकृतिको परिवेश बनाइरहेका छन् । तर देखिएका तारामा आफूले मन पराएकी युवती तथा प्रेमिका नभएका कुरा बिम्बित छन् । त्यो मात्र नभएर मान्छे देख्दा फूल जस्तै तर व्यवहार फूल अनुरूपको छैन । जसरी फूललाई काँडाले रक्षा गरेर, कोही टिप्न गएमा पहिला कोप्न थाल्छ त्यस्तै गरेर आफ्नो मानेकी मायालुले देखाएको व्यवहारलाई प्रकृति बिम्ब बनाएर हाइकु लेखिएको छ । यसरी कुँवरले हाइकुमा हाम्रा संस्कार, संस्कृति, समाजमा व्याप्त धनी र गरीब बीचको विभेद अन्त्य हुनुपर्ने आवाज पनि उठाएका छन् । कुँवर गायक भएकाले उनका हाइकु गेयात्मक पनि छन् ।

रातो गुलाब ओइलाएर झरेका बिम्बका हाइकु पनि यहाँ लेखिएका छन् । जसको साक्ष्यका रूपमा यी हाइकु लिन सकिन्छ :

*रातो गुलाफ*
*ओइलाएर झर्यो*
*आँखै अगाडि* (श्रेष्ठ, २०७५,पृ.२९)

डा. रूपक श्रेष्ठको प्रस्तुत हाइकुमा रातो गुलाफ आँखै अगाडि ओइलाएर झर्दाको पीडा प्रस्तुत छ । हाइकुको गुण अति सघन र बिम्बात्मक हुनु मात्र होइन । हाइकुमा मानव–प्रकृति बीचको सम्बन्ध स्थापना हुनु, हरेक पाठकले पढ्दा हरेक शब्दमा आफ्नै प्रकृतिको बिम्बले आफ्नै परिभाषा एवम् अर्थ तयार गर्नु नै हाइकुको सामर्थ्य हो ।

श्रेष्ठले हाइकु लेखनमा आकाश, पाताल र धरतीलाई मात्र विषयवस्तु नबनाएर बुद्ध, मनास्लु र आफू जन्मेको माटाका कुरा पनि अटाएका छन् । जसको साक्ष्यका रूपमा निम्न हाइकु लिन सकिन्छ :

*मीठो सन्देश*
*ओम मणि पद्मे हूँ*
*मनासूलुको* (श्रेष्ठ, २०७५,पृ.६)

हाइकुमा नेपालको मनासूलु हिमाल र जापानीको कर्णप्रिय बुद्धको सन्देशयुक्त मन्त्र 'ओम मणि पद्मे हूँ' को प्रसङ्ग ल्याएर दुई देश बीच नङ-मासुको जस्तो सम्बन्ध देखाएका छन् । दुवै देशबीचको धार्मिक

सम्बन्धको फराकिलोपनालाई अभिव्यक्त गरेका छन् । यसैले श्रेष्ठ नयाँ विषयवस्तुलाई प्रकृति बिम्बमा संयोजन गर्नमा सचेत देखिन्छन् ।

मान्छेको मन बतासको झोक्का र जिन्दगीलाई घिरौला बिम्ब बनाएर लेखिएका हाइकुका साक्ष्यका रूपमा यी हाइकु अगाडि सार्न सकिन्छ :

*मान्छेको मन*
*त्यो बतासको झोक्का*
*पीपल पात* (श्रेष्ठ, २०७५,पृ.८)
*झुन्डेरै बित्यो*
*यो एउटा जिन्दगी*
*घिरौँला जस्तो* (श्रेष्ठ, २०७५,पृ.९)

श्रेष्ठ परदेशमा रहे तापनि जन्मभूमिको मायाले पीडित छन् । उनी बेलायतमा बसेर यहाँका हिमाल, पहाड र तराईको चित्कार देखिरहेका छन् । उता लेकतिर शेर्पिनी कान्छीको लडाइले दिग्दार भएका कथा लेखिरहेका छन् । बेँसीतिर गैह्रीखेतमा काँसले ढाकेको बिम्बमा देशको चिन्ता यसरी अभिव्यक्त भएको छ :

*काँसले ढाक्यो*
*तिम्रो त्यो गैह्रीखेत*
*मेरो यो डाँडो* (श्रेष्ठ, २०७५,पृ.११)

प्रकृति र संस्कृतिको चर्चाका क्रममा श्रेष्ठले जन्मभूमि पोखरा र कर्मभूमि बेलायतलाई बिम्ब बनाएर लेखेको हाइकुलाई यस प्रकार उल्लेख गर्न सकिन्छः

*नग्न हिमाल*
*फेवाको चञ्चलता*
*साक्षी बाराही* (श्रेष्ठ, २०७५,पृ.२१)

हाइकुले पोखराको प्राकृतिक सौन्दर्यका साथै माछापुच्छ्रे र अन्नपूर्ण हिमालको छाया सधैँ फेवातालमा देखिइरहने मनोरम दृश्यको व्याख्या गरेको छ । पोखरा बिम्बमा लेखिएको यो हाइकुमा माछापुच्छ्रेलाई पुरुष र फेवाताललाई स्त्रीको प्रतीकका रूपमा उभ्याएर फेवा देखेर माछापुच्छ्रे पग्लनु र फेवामा डुबेको सुन्दर हिमाल देखेर चञ्चल भई माछापुच्छ्रेलाई छातीमा समेटेको सन्दर्भ देखाउन खोजेको पाइन्छ ।

यसरी श्रेष्ठले हाइकुमा सांस्कृतिक, धार्मिक, भाषिक सन्दर्भको चर्चा गरेका छन् । यसका साथै, जन्मभूमि–कर्मभूमिका समय, सन्दर्भ र परिवेशका विविध विषयलाई हाइकुका विषयबिम्ब बनाएका छन् ।

*अनौठो कला*
*हाम्रा हिमशृङ्खला*
*प्रकृति खेल* (पौडेल, २०७५,पृ.१३)

*हरियो वन*

*नेपालमा प्रर्याप्त*

*प्रयोगहीन* (पौडेल, २०७५,पृ.३२)

हाम्रा हिमशृङ्खला झट्ट हेर्दा त्यसले दिने सौन्दर्य एउटा छ । समयको कालक्रममा देखिदै जाने अनेक कला कृति भने व्यक्तिले चाहेर बन्ने कौशल नभएर प्रकृतिले दिएका अनुपम उपहार र सुन्दर खेल रहेका छन् । जुन खेलमा लुकामारी गरेर आनन्द लिने अवसर नेपालीलाई छ । एकतर्फ प्रकृतिको उपहारमा लुकामारी, अर्कोतर्फ हराभरा मनमोहक हरियो वन प्रयोगहीन हुँदा आयआर्जनका कैयौं मुहान खेर गइरहेका सन्दर्भलाई कृष्णप्रसाद पौडेलले सुन्दर बिम्बमा संयोजन गरेका छन् ।

नेपालको हावापानी, वातावरण ऋतु अनुसार फरक छ । यिनै दिन असारका जाडो हुन्छ, फागुनमा उष्णता । जसको साक्ष्यका लागि निम्न हाइकुलाई यहाँ उद्धरण गर्न सकिन्छ:

*आषाढ जाडो*

*फागुनमा उष्णता*

*अनौठो याम*

*उच्च निर्मल*

*नेपाल चिनाउने*

*सगरमाथा* (पौडेल, २०७५,पृ.१४)

समय र यामले अनौठो दृश्य देखाइरहेको हुन्छ । कहिले चौपट गर्मी हुन्छ, कहिले जाडो । कहिले झरी, वादल र हुस्सु कहिले हुरी बतास यो प्रकृतिमा पनि अनौठो याम शुरु भइरहन्छ । मौसमको कुरा मात्र नभएर उच्च निर्मल सगरमाथाले विश्वमा नेपालको नाम चम्काइरहेको छ । नेपाललाई नेपाल भनेर चिनाउने विविध अध्याय र आयाममध्येको नेपाल रहेको कुरालाई पनि हाइकुमा बिम्बित गरिएको छ ।

*छ जलश्रोत*

*सम्पूर्ण भू–भागमा*

*पानी समस्या* (पौडेल, २०७५,पृ.३४)

*चर्को छ नारा*

*जङ्गल संरक्षक*

*नरोप्ने रुख* (पौडेल, २०७५,पृ.३७)

विश्वका जलश्रोतमा धनी देशको नाम लिँदा अगाडि आउने नाममध्येमा नेपाल पर्दछ । तर त्यसको सदुपयोग हुन नसक्दा सम्पूर्ण भू–भागमा पानीको समस्या छ । मेलम्चीको पानीका लागि लड्न लागेको लामो समय भयो त्यो अझै सफल भएको छैन । जलश्रोत भएर पनि उपयोग सही तरिकाले हुन नपाउँदाको समस्या र वनजंगल जोगाउनुपर्छ भन्नर वनसंरक्षकको चर्को  नारा व्यवहारमा लागू गर्नुपर्छ । यहाँ संरक्षकको भूमिका प्रष्ट

बुझेर काम नगर्नुको पीडालाई अभिव्यक्त गरिएको छ । यसरी पौडेलले हाइकुमा वर्तमान परिवेशप्रति व्यङ्ग्यसमेत गरेका छन् ।

यसैगरी शशी अधिकारीका हाइकुमा पनि प्रकृतिको चित्रण उल्लेख्य मात्रमा गरिएको छ । अधिकारीको सङ्ग्रहमा सङ्गृहित हाइकुमध्येका नमुना छनौटमा परेका हाइकुको साक्ष्यका रूपमा निम्न हाइकुलाई लिन सकिन्छ:

*फलमा झिँगा*
*फूलमा तिखा काँडा*
*स्वतन्त्र देश* (अधिकारी, २०८०,पृ.५६)

*बाघ पाखामा*
*स्याल थुने खोरमा*
*भेडाको काल* (अधिकारी, २०८०,पृ.५७)

अधिकारीका हाइकुमा कृतिको शीर्षक सुहाउँदा विषयवस्तुलाई नै प्रकृति बिम्बका रूपमा उद्धरण गरिएको छ । स्वतन्त्र हाम्रो देशलाई फलका उपमा दिएर त्यो फलमा झिँगा लागेको राष्ट्रप्रेमको सन्दर्भलाई हाइकुमा प्रस्तुत गरिएको छ । फल कुहेपछि बाँकी फूललाई काँडाले संरक्षण गरिरहेको छ तर त्यो फल्न पाउँछ पाउँदैनमा शंकाको वातावरण छ । पछिल्लो हाइकुमा वर्तमान राजनीतिक संस्कारलाई वन्यजन्तुको बिम्बमा देखाइएको छ । खोरमा थुन्नुपर्ने बाख्रालाई छोडेर स्याल थुन्दा भेडाले अकालमा ज्यान गुमाउन परेको विषयलाई देखाइएको छ ।

*वर्षाको पानी*
*वर्षेनी हुन्छ हानी*
*बाढी र पैह्रो*

*वनका फल्फूल*
*उजाड वनपाखा*
*पंक्षीका बास* (अधिकारी, २०८०,पृ.३)

वर्षाको समय मानो रोपेर मुरी फलाउने अवसर हो । त्यही अवसरसँग धेरै नेपालीका बाध्यता र विवशतालाई वर्षा बिम्बका प्रस्तुत गरिएको छ । नेपालमा वर्षाको समयमा धेरै परिवारले पानीसँगै आएको बाढीपैह्रोले दुःख व्यहोर्नु परेको बिम्ब हाइकुमा आएको छ । एकातर्फ वर्षाको पानीले दुःख दिएको छ, अर्कोतर्फ वनपाखा उजाड हुँदा वनका फलफूल र पंक्षीका बासको विचल्ली भएका बिम्बलाई अधिकारीले हाइकुका विषय बनाएका छन् ।

समाजमा देखिएको अराजकतालाई उनले व्यङ्ग्यात्मक रूपमा पनि प्रस्तुत गरेका छन् । जसको साक्ष्यका लागि निम्न हाइकुलाई यहाँ उल्लेख गर्न सकिन्छ:

*काग करायो*

*पाठाले दूध खायो*
*गिद्ध सिनोमा* (अधिकारी, २०८०,पृ.४८)
*धर्ती आकाश*
*जल, वायु र ताप*
*प्राणीका सार* (अधिकारी, २०८०,पृ.६०)

समाजमा कागलाई सन्देश दूतका रूपमा हेरिन्छ । जब काग कराउँछ तर शुभ र अशुभ सन्देशको बिम्ब मानेर कागलाई लिने गरिन्छ । अधिकारीले यहाँ देशप्रेमको भावलाई काग, गिद्ध र पाठाको बिम्बमा देखाएका छन् । यस्तै यी धर्ती, आकाश, जल, वायु र पात सारा प्राणीका सार भएकाले त्यसको संरक्षणमा मानव चोला लाग्नुपर्छ भन्ने भावलाई हाइकुमा अभिव्यक्त गरिएको छ । यसरी अधिकारीले हाइकुमा प्रकृति बिम्ब बनाएर वर्तमान परिवेश, राजनीतिक संस्कार र यथार्थलाई चित्रण गरेका छन् ।

हाइकुले जीवनलाई अर्थ्याउने र दार्शनिक चेतनाको प्रकटीकरण गर्ने सामर्थ्य बोक्छ । बिम्बकै माध्यमबाट समकालीन जीवनको यथार्थ प्रक्षेपण गर्दै सामाजिक सत्य उजागर गर्ने अपेक्षा हाइकुमा हुन्छ । यसैले अधिकांश पोखरेली स्रष्टाले सार्वभौम तथा वैयक्तिक चिन्तन जोडिएका बिम्ब प्रयोग गरेको पाइन्छ । सो क्रममा कतै वैयक्तिक, सर्वसम्वेद्य, सामाजिक, राजनीतिक, धार्मिक, सांस्कृतिक, आर्थिक र कतै समकालिक, ऐतिहासिक, धार्मिक, पौराणिक, प्राचीन बिम्बको प्रयोग पाइन्छ । बिम्बमा मात्र नभएर कतिपय अवस्थामा समाजको आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक सन्दर्भलाई बिम्ब बनाएर पनि हाइकु लेखेका छन् । सो क्रममा उनीहरूले सामाजिक जीवनको सत्य पहिल्याउँदै त्यसले पारेको प्रभाव निरीक्षण गर्न आर्थिक कारणबाट सिर्जेका परिस्थितिलाई बिम्बका रूपमा सजाउने काम पोखरेली हाइकु कविबाट भएका छन् । समकालीन समाज स्वार्थी समूहको झुण्ड जस्तो हुँदा त्यसैको चक्रव्यूहमा फँसेर दुर्दशापूर्ण जीवन बिताउन बाध्य भएको चित्रण हाइकुमा छ । सोझासाझा इमान्दारको श्रम र पसिनाको दुरूपयोगबाट आफ्नो जिन्दगीमा सुगन्ध छर्ने मनसाय बोकेका खराब विचारधारीहरूमा मौलाउँदै र मोटाउँदै गएका पाखण्ड चरित्रबाट दिग्दार अनुभवको चित्र देखिन्छ । जीवनमा आइलागेका पीडा, व्यथा, घात, प्रतिघात र अपहेलना व्यहोर्न विवश समाजको चित्र पनि हाइकुमा पाइन्छ ।

समाजमा सबै व्यवस्थालाई सही मार्गमा डोर्याउने महत्त्वपूर्ण नीति राजनीति हो । यद्यपि वर्तमान राजनीतिक संस्कारले सुशासन भन्दा कुशासनको जग बलियो बनाउन खोजेको भाव हाइकुमा अभिव्यक्त छन् । यो मात्र नभएर, समाजमा सिर्जना भएका समस्या र खराब राजनीतिक चक्रले थिलोथिलो समाजको मनोविज्ञान कसरी प्रवाहित भएको छ भनेर देखाउने काम हाइकुमा भएको छ । नेपालीका अमूल्य गहना मौलिक कला, संस्कृति र प्रकृति हुन् । यसको संरक्षण भए मात्र विश्वमानचित्रमा नेपालीको विशिष्ट पहिचान हुनेतर्फ उनीहरू सचेत छन् । सोही कारण सांस्कृतिक बिम्ब पोखरेली हाइकुमा पर्याप्त आएका छन् । समाजमा चल्दै आएका पुराना मूल्यमान्यता, रीतिरिवाज, चालचलन, आचरण, व्यवहार, खानपान, आवास, परिधान,

बोलीचाली, चालढाल सांस्कृतिक बिम्ब ग्रहण गर्ने तथ्य भएकाले हाम्रो सनातनी संस्कार र संस्कृतिले पारेका प्रभाव पनि हाइकुमा आएका छन् । मानव जीवनलाई भूगोलले धेरै प्रभाव पारेको हुन्छ । यसैले केही हाइकुमा भौगोलिक बिम्ब, हिमाल, पहाड, तराई, नालापानी, कालापानी, स्याङ्जा, पोखरा, लमजुङ, तनहुँ, गोर्खा कास्की, कास्कीकोट, नुवाकोटलगाएतका भूगोल हाइकुमा चित्रित भएका छन् । मानव जीवनमा हरेक क्षण अभिन्न अङ्ग बनेर आउने जीवनका उकाली, ओराली, ढुङ्गा, माटो, हाम्रा मनोरम् हिमशृङ्खला माछापुच्छ्रे, अन्नपूर्ण, मनास्लु पनि हाइकुमा अटाएका छन् । तिनैका माध्यमबाट हाइकु कविका भावना, चिन्तन र विचार अभिव्यक्त भएका छन् ।

## निष्कर्ष

पोखरेली हाइकु कविबाट सामाजिक जीवन, भौगोलिक परिवेश, आर्थिक अवस्था र दुरावस्थाले निम्त्याएका समसामयिक विषयलाई बिम्ब बनाएर हाइकु लेखिएका छन् । यसक्रममा विभिन्न बिम्बका माध्यमबाट राजनीतिक विकृति–विसङ्गति, धार्मिक, नैतिक, सांस्कृतिक संस्कार, संस्कृतिको चित्रण सबल र सफल तरिकाले गरिएका छन् । हाइकुकै माध्यमबाट सामाजिक जीवनमा निरन्तर व्यहोर्दै आएका विसङ्गत पक्ष पहिचान गरी समस्याको निदान पहिल्याउन सहज वातावरण सिर्जना गरिएका छन् । अर्ती उपदेश भन्दा सिर्जनशील विचार प्रवाह गरी सभ्य र सचेतनामूलक समाज निर्माणको अपेक्षा पोखरेली हाइकुले राखेका छन् । वर्तमानमा प्राकृतिक बिम्ब भएका हाइकुलाई आधुनिक हाइकु मान्दै आएको सन्दर्भमा पोखरेली हाइकुमा विषयगत विविधता पाइन्छ । जुनसुकै क्षेत्रमा राजनीतिक हस्तक्षेप हुँदा देश बिग्रदै गएको चिन्ता हाइकुमा पाइन्छ । राजनीतिक संस्कारले निम्त्याएका असरलाई लिएर लेखिएका धेरै व्यङ्ग्यात्मक हाइकुले देशका नेताहरूमा भ्रष्ट आचरण मौलाएर राष्ट्रहित भन्दा व्यक्ति र पार्टी हितमा लागेका कारण जनता भोकभोकै मर्नुपरेकोमा आक्रोश र निराशा व्यक्त गरेका छन् । शिक्षा, स्वास्थ्य जस्ता संवेदनशील विषयमा अस्वाभाविक राजनीति र व्यापार हुँदा भ्रष्टाचारले समाज आक्रान्त हुनुपरेको, मान्छेमा मानवीयता हराउँदा नैतिकताको खडेरी परेका सन्दर्भलाई व्यङ्ग्यात्मक रूपमा अभिव्यक्त गरेका छन् । यो मात्र नभएर, डरलाग्दो तरिकाले बढ्दै गएको चाकडी, चाप्लुसी, चुक्ली प्रवृत्तिले इमान्दार र कर्तव्यनिष्ठ जिउँदै मर्नुपरेका आशय हाइकुमा व्यक्त छन् । यसरी हाइकुमा प्रकृतिको वस्तुपरक चित्रण भन्दा प्रकृतिका दृश्य, स्पर्श, ध्वनि, सुगन्धका साथै स्वादलाई मानवीकरण गरेर बिम्बात्मक, प्रतीकात्मक र आलङ्कारिक रूपमा प्रस्तुत गरिएका हाइकुमा विविध पक्षको विश्लेषण गरी विद्यमान वास्तविकताको वस्तुसत्य निरीक्षण र सामाजिक सत्यको निरूपण गरिएको छ । यसरी मानव जीवनका आशा, अपेक्षा एवम् आकाङ्क्षालाई नियाल्दै वर्तमान समय अनि समाजको मूल्य पहिचान गरी सामाजिक यथार्थलाई प्रकृति बिम्बका माध्यमबाट अभिव्यक्त गरेर आफूलाई सामाजिक यथार्थवादी सर्जकका रूपमा उभ्याएको निष्कर्ष निकालिएको छ ।

**कृतज्ञताज्ञापन**

प्रस्तुत लेखलाई स्तरीय बनाउन समयसापेक्ष सारगर्भित सुझाव, सल्लाहसहितको टिप्पणी गरेर परिमार्जन गर्न सहयोग पुर्याउनु हुने सम्पूर्ण विज्ञजनप्रति हार्दिक आभार तथा कृतज्ञता प्रकट गर्दछु ।

**सन्दर्भ समग्रीसूची**

असफल गौतम (२०७०). *हाइकुः आलेख र अभिलेख* (सम्पा). सङ्घर्षमा कलम ।

अधिकारी, क्षेत्रप्रताप (२०४९). *जापानी नवरत्न*. अक्षर प्रकाशन ।

अधिकारी, क्षेत्रप्रताप (२०५१). *हिम जून फूल*. हिमाली पुस्तकालय ।

अधिकारी, शशी (२०८०). *धर्तीका आँसु*. विष्णुमाया अधिकारी ।

कुँवर, देशभक्त (२०७४). *अमृतप्रेम*. पोखरा वाङ्मय प्रतिष्ठान ।

गिरी, मधुसूदन (२०६८). *नेपाली हाइकु : परम्परा र प्रवृत्ति*. मध्यपश्चिमाञ्चल साहित्य परिषद् ।

थापा, बमबहादुर जिताली (२०६४). *जापानी छन्दमा नेपाली कविता*. मस्याङ्दी वाङ्मय प्रतिष्ठान ।

पौडेल कमल अथक (२०६३). *हाँडीका मकै*. वसुन्धरा पौडेल ।

पौडेल, कृष्णप्रसाद (२०७५). *नेपालीपन*, हेमजा साहित्य प्रतिष्ठान ।

भण्डारी, कृष्ण मुमुक्षु (२०६२). *कुमारी ऋतुवाला*. गीताञ्जली साहित्य परिवार ।

माली, इन्द्र (२०७३). *नेवाः हाइकु* द्वैमासिक. (पूर्णाङ्क २१). नेपाल हाइकु प्रतिष्ठान

रानाभाट, गौतम (२०७६). *पोखरेली हाइकुको अध्ययन*. (अप्रकाशित शोधपत्र). पृथ्वीनारायण क्याम्पस. नेपाली विभाग ।

रानाभाट, भीम ज्यालादारी (२०६५). "इतिहास पोखरेली साहित्यको : चर्चा प्रयोगको". *पोखरेली समालोचना*. गण्डकी साहित्य सङ्गम ।

रानाभाट, भीम ज्यालादारी (२०७३). *आँसुको छाल*. सुनाखरी सन्देश पत्रिका ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६७). *नेपाली गीत गजल (*सम्पा). साझा प्रकाशन ।

लुइटेल, खगेन्द्रप्रसाद र अन्य (२०५७). *नेपाली कवि र कविता*, विभु ऋभु प्रकाशन ।

वन्त, तीर्थराज (२०६१). *ज्योति–त्रि–पुञ्ज*. वासु शशी स्मृति परिषद् ।

श्रेष्ठ, रूपक (२०७५). *बुट्टे किमोनो*. नेपाल हाइकु केन्द्र ।

सुवेदी, अभि (२०४४). *जापानी हाइकु : हिजो र आज*. साझा प्रकाशन ।